मिति २०७७/६/२ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८९/२०७७ का निर्णयहरू:-

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३३/३०९-२०७७/६/१ को "बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने।"

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३४/३१०-२०७७/६/१ को "घरेलु कार्यालयको नामाकरण गरी सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३५/३११-२०७७/६/१ को "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५ लाई संशोधन र एकीकरण गरी सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी,कैलाली